# ४.३ दोस्रो अन्तर्राष्ट्रिय तामाङ सम्मेलनद्वारा पारित तामाङ शब्दकोषसम्बन्धी प्रस्ताव

**निर्णय : -** तामाङ शब्दकोष निर्माण : तामाङ भाषाले नेपाल र भारत (पश्चिम बंगाल र सिक्किम राज्य) मा राजकीय भाषाको मान्यता प्राप्त गर्नुका साथै प्राथमिक तहको शिक्षाको पठनपाठनमा तामाङ भाषा समावेश गरेको र निकट भविष्यमा उच्च शिक्षामा समेत तामाङ भाषालाई समावेश गर्ने योजना भएकोले तामाङ भाषाको शब्दकोषको माग पूरा गर्न सबै क्षेत्रका तामाङहरुको तामाङ भाषालाई समेटेर अन्तर्राष्ट्रिय रुपमा तामाङ शब्दकोष निर्माण गर्न वान्छनीय भएकोले यो सम्मेलन निम्न बमोजिम निर्णय गर्दछः

१) तीन वर्षमा तामाङ शब्दकोष निर्माण गर्ने, जसमा तामाङ नेपाली (खस), अंग्रेजी र तिब्वतीमा शब्दार्थ दिने ।

२) अन्तर्राष्ट्रिय तामाङ परिषद्को पहलमा नेपाल तामाङ घेदुङको अध्यक्ष, अखिल भारतीय तामाङ बौद्ध संघका महासचिव र सिक्किम एकेडेमीका वा सिक्किम तामाङ बौद्ध संघका प्रतिनिधिसमेत समावेश गरी श्री परशुराम तामाङको अध्यक्षतामा तामाङ शब्दकोष निर्माण निर्देशक समिति गठन गरी परियोजना सञ्चालन गर्ने ।

३) तामाङ शब्दकोष निर्माण गर्दा देखापर्ने समस्याहरु जस्तै तामाङ वर्ण, लेखन प्रणाली, मानवीकरण, शब्द छनौट, प्रविष्टी, ध्वनि चिन्ह, व्याकरण आदि नेपाल र भारतको तामाङ भाषा विज्ञ तथा तामाङ भाषीहरुको परामर्श र राय सल्लाह लिएर समाधान गर्दै सहभागितामुलक ढंगले शब्दकोष निर्माण गर्ने ।

# ४.४ अन्तर्राष्ट्रिय तामाङ विकास कोष सम्बन्धी पारित प्रस्ताव

Tamang NGO Bank नेपालमा नेपाल तामाङ घेदुङको संरक्षकत्वमा केन्द्रिय स्तरमा स्थापना गर्ने र भारतमा अखिल भारतीय तामाङ बौद्ध संघको संरक्षकत्वमा स्थापना गर्ने ।

**कार्यक्षेत्रः**

नेपालमा नेपाल तामाङ घेदुङको संरक्षकत्वमा केन्द्रीय स्तरमा स्थापना गरी घेदुङको जिल्ला शाखा र गाउँ शाखासम्म । भारतमा अखिल भारतिय तामाङ बौद्ध संघको संरक्षकत्वमा केन्द्रीय स्तरमा स्थापना गरी जिल्ला शाखा र गांउ शाखासम्म ।

**बैंकको उद्देश्यः**

तामाङ समुदायको आर्थिक, शैक्षिक र सामाजिक तवरले सवल र सक्षम बनाई तिनीहरुको जीवनस्तर उकास्न ।

**कार्यहरुः**

१) कृषि विकास कार्यक्रम संचालन गरी ठांउ र मौसम अनुसारको फलफूल, तरकारी, विउ वीजन, डेरी फर्मजस्ता नगदे बालीमा लगानी गरी स्वरोजगार बनाउने ।

२) साना जल विधुत, हस्तकला, घरेलु उधोग र जडिवुटी उत्पादनको लागि स्थानीय तहमा वैंकिङ संचालन गर्न शिक्षा, यातायात र पर्यटन विकासमा लगानी गरेर शिक्षित र अशिक्षित सवैलाई वैदेशिक रोजगारी तथा प्राविधिक शिक्षाको लागि लगानी गर्ने ।

**पुंजीको व्यवस्था :**

१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृसंस्थाहरुवाट गरिवी निवारणको लागि आर्थिक सहयोग तथा सापटी लिने ।

२) वैंकमा आवद्ध सदस्यहरुवाट दैनिक, साप्ताहिक र मासिकरुपमा वचत परिचालन गर्ने ।

**वैकल्पिक कार्यक्रमः**

१) तामाङ उधमी व्यवसायी कम्पनी मिली प्रथम चरणमा एक जिल्ला स्तरको ग्रामिण बैंक स्थापना गर्ने ।

२) दोस्रो चरणमा जिल्ला स्तरमा स्थापना पश्चात क्षेत्रीय हुँदै एक केन्द्रीय ग्रामीण विकास बैंकको स्थापना गर्ने ।

# ४.५ अन्तर्राष्ट्रिय तामाङसेवी सम्मान पुरस्कारसम्बन्धी पारित प्रस्ताव

**सम्मान पूरस्कारको नामः** अन्तर्राष्ट्रिय तामाङ सेवी सम्मान पुरस्कार हुनेछ ।

**सम्मान पुरस्कार पाउने योग्यताहरु :**

(क) कम्तिमा कुनै राष्ट्रिय स्तरको संगठनमा १० वर्ष काम गरेको हुनुपर्ने,

(ख) तन,मन,श्रम,धन दिई निरन्तर सहयोग गर्ने,

(ग) तामाङ जाति, धर्म संस्कार संस्कृति, भाषा, लिपि, इतिहास एवं भाषा, साहित्य र ***विविध कला*** आदि कुनै एक विधामा कम्तिमा ५ वटा **भन्दा बढी *स्वीकार योग्य*** पुस्तकहरु प्रकाशन गरेको हुनुपर्ने ।

(घ) तामाङ समाजको कुनै संगठनमा रहेर वा नरहेर पनि कम्तिमा १५ वर्षसम्म तामाङ समाजको विभिन्न क्षेत्रबाट निरन्तर र उत्कृष्ट सेवा गरेको हुनुपर्ने ।

(ङ) अन्तर्राष्ट्रिय तामाङ परिषदको सदस्य संस्थाले सिफारिस गरेको हुनुपर्ने ।

(च) गैर तामाङ व्यक्ति/संस्थालाई सम्मान पुरस्कार सम्बन्धित राष्ट्रिय संगठनले गर्ने अथवा अन्तर्राष्ट्रिय मञ्चको सम्मेलन मार्फत पनि गर्न सकिनेछ । सेवा क्षेत्र छुट्याएर सम्मान पुरस्कार गर्ने ।

(छ) मृत्युपर्यन्त पनि यस्तो सम्मान पुरस्कार गर्न सकिने ।

**कार्यान्वयन प्रक्रियाः**

क) त्यस्ता सम्मान् पाउन योग्य व्यक्तिको विषयमा प्रत्येक देशका परिषद सदस्य संगठनका सदस्यले व्यक्तिगतरुपमा र अन्यले संस्थागतरुपमा सम्बन्धित व्यक्तिको सिफारिस सम्बन्धित देशको परिषद् सदस्य संगठनको केन्द्रीय कार्यालयमा छनौटमा परेका व्यक्तिहरुको पूर्ण जीवनीसहित तामाङ समाजप्रति सम्बन्धित व्यक्तिले गरेका योगदानहरुको सप्रमाण विवरण, पुस्तक प्रकाशन भए प्रकाशनको २/२ प्रति कपि र ४/४ कपि फोटो साथै राखी अन्तर्राष्ट्रिय तामाङ सम्मेलन हुन एकवर्षअगावै ***परिषदमा*** पठाउनुपर्ने ।

ख) त्यसरी आएका सिफारिस एवं सदस्य संगठनको छनौटमा परेका व्यक्तिहरुको पूर्ण जीवनीसहित परिषद सदस्य संगठनले तामाङ समाजप्रति सम्बन्धित व्यक्तिले गरेका योगदानहरुको सप्रमाण विवरण, प्रकाशन भए प्रकाशनको २/२ प्रति कपि र ४/४ कपि फोटोसहित राखी अन्तर्राष्ट्रिय तामाङ परिषद सचिवालयमा बढीमा ५ जना सम्मको नाम सिफारिससाथ पठाउनुपर्ने ।

ग) त्यसरी आएका सिफारिसउपर अन्तर्राष्ट्रिय तामाङ परिषदद्धारा गठित ***अन्तर्राष्ट्रिय*** तामाङ समाजसेवी सम्मान पुरस्कार सुझाव समितिले छानविन गरी विषयअनुसार **३** देखि **५** जनासम्म सबैभन्दा उत्कृष्टको नाम परिषद्समक्ष पेश गर्ने ।

घ) त्यसरी आएका नामहरुमध्येबाट आफ्नो क्षमता र गक्षअनुसार विषयगतरुपमा सबैलाई वा त्यसमध्ये कुनै **एक दुई** वा ***दुई पांचजना***लाई मात्र अन्तर्राष्ट्रिय तामाङ समाजसेवी सम्मानले पुरस्कृत गर्नेछ ।

ङ) हरेक ३/३ वर्षमा हुने अन्तर्राष्ट्रिय तामाङ सम्मेलनमा सम्मान पुरस्कार दिइनेछ ।

क) **सम्मान पुरस्कार / तामपत्र :** यस्तो सम्मान ***तामाङ वस्त्र वा*** स्वर्ण वा ताम्रपत्रसहित **उचित *वा पच्चिस सय यु.एस. डलर*** धनरासी सहितको हुनुपर्ने ।